नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)

सिंहदरबार प्लाजा, काठमाडौं ।

माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड (MMKJL) को साधारण शेयर सूचीकरण गरिएको

## सूचना

आज मिति २०८०/०७/२३ गते बिहीबार नेपाल स्टक एक्सचेन्ज लिमिटेड र माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड (नेप्से सिम्बोल MMKJL) बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको १,००,००,००० कित्ता साधारण शेयर सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो। कम्पनीले सर्वसाधारण समक्ष सानिमा क्यापिटल लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक) मार्फत साधारण शेयर खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी सर्वसाधारण लगानीकर्ता शेयरधनीहरु (वैदेशिक रोजगारीमा रहेका नेपाली, सामूहिक लगानी कोष, स्थानीय बासिन्दाहरु र कर्मचारीहरु समेत) मा वितरण गरिएको ३०,००,००० कित्ता (३०%) र कम्पनीका संस्थापक शेयरधनीहरुले लगानी गरेको ७०,००,००० कित्ता (७०%) शेयर (धितोपत्र) समेत गरी जम्मा १,००,००,००० कित्ता ( १००%) साधारण शेयर धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०८०/०७/१९ गतेको निर्णयानुसार यस स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्च : मिति २०८०/०७/२३ मा नेपाल स्टक एक्सचेन्ज लिमिटेड र माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनवाट यस स्टक एक्सचेन्ज लिमिटेडमा उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार शुरु हुनेछ। प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाडौं जिल्ला, धुम्बाराही रहेको र सूचीकरण पश्चात् दिनुपर्ने RTS सेवा सानिमा क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंबाट हुने छ ।

सूचीकरण शाखा

नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

फोन नं.: ०१-४२५०७५५/५६/५८

मिति : २०८०/०७/२३